# प्रदेश राजपत्र

प्रदेश नं. २, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड३ )जनकपुरधाम, असार ३१ गते,२०७७ साल(पूर्व अतिरिक्ताङ्क ४(ख)

## भाग १

### प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

### प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

<u>**प्रस्तावना**</u>ः प्रदेश सरकारको आर्थिक वर्ष २०७७।७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त कर लगाउने तथा राजश्व संकलन र राजश्व प्रशासन सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रदेश नम्बर दुईको प्रदेश सभाले यो ऐन बनाएको छ ।

**(१)** <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस ऐनको नाम "प्रदेश आर्थिक ऐन, २०७७" रहेको छ।

(२) यो ऐन २०७७ साल साउन १ गते देखि प्रदेश नम्बर दुई भर लागु हुनेछ ।

**(२)** <u>**घरजग्गा लगायतको रजिष्ट्रेशन शुल्क सम्बन्धी व्यवस्थाः**</u> (१) आर्थिक वर्ष २०७७।७८ मा अनुसूची-१ बमोजिम घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क, रोक्का दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्क घरजग्गा रजिष्ट्रेशनका बखत सम्बन्धित गाँउपालिका र नगरपालिकाले संकलन गर्नुपर्नेछ ।

(३) गाँउपालिका तथा नगरपालिकाको साधन, श्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय ब्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालयले प्रदेश सरकारले निर्धारण गरे बमोजिमको दर <u>अनुसारको घर जग्गा रजिष्ट्रेशन</u> शुल्क उठाई चालिस प्रतिशत रकम प्रदेश सञ्चित कोष र साठ्ठी प्रतिशत रकम स्थानीय विभाज्य कोषमा जम्मा गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम लाग्ने सेवा शुल्क तथा रोक्का दस्तुर उठाई प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

**(३)** <u>**सवारी साधन कर सम्बन्धी व्यवस्थाः**</u> (१) आर्थिक वर्ष २०७७।७८ मा अनुसूची-२ बमोजिम सवारी साधनमा सवारी साधन कर र दस्तुर लगाईने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर प्रदेश सरकारले संकलन गर्नेछ। प्रदेश सरकारले निर्धारण गरे बमोजिमको दर अनुसारको कर उठाई साठ्ठी प्रतिशत रकम प्रदेश सञ्चित कोष र चालिस प्रतिशत रकम स्थानीय तहलाई तोकिए बमोजिम बाँडफाँड गर्न स्थानीय विभाज्य कोषमा जम्मा गरिनेछ ।

<u>**स्पष्टीकरणः**</u> यस दफाको प्रयोजनको लागि “सवारी साधन” भन्नाले यान्त्रिक तथा विद्युतीय शक्तिबाट चल्ने स्थलगामी सवारी साधनहरु जस्तैः मोटरसाइकल, स्कुटर, मोपेट, कार, जीप, डेलिभरी भ्यान,

टेम्पो, अटोरिक्सा, पावर टिलर, ट्याक्टर, मिनि वस, मिनी ट्रक, ट्रक, वस, लहरी तथा अन्य हेभी ईकुप्मेन्ट आदिलाई सम्झनु पर्छ।

(३) उपदफा (१) बमोजिमको दस्तुर उठाई प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम सवारी साधन कर लगाउदा सवारी साधनको प्रकृति र क्षमताका आधारमा समान प्रकृतिका सवारी साधनलाई समान दर कायम हुने गरी लगाइनेछ ।

यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि टाँगा, रिक्सा र विद्युतीय रिक्सामा सवारी साधन कर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउनेछ ।

(४) **<u>मनोरञ्जन कर सम्बन्धी व्यवस्थाः</u>** (१) आर्थिक वर्ष २०७७।७८ मा मनोरञ्जन स्थलमा प्रवेश गरे वापत अनुसूची-३ बमोजिम मनोरञ्जन कर लगाईने र असूल उपर गरिनेछ ।

**स्पष्टीकरणः** (क) यस दफाको प्रयोजनको लागि "मनोरञ्जन" भन्नाले शुल्क लिई व्यक्तिहरुलाई प्रवेश गराइने सिनेमा, नाचगान, अपेरा, थिएटर, सर्कस, चटक, खेल, प्रदर्शनी, कन्सर्ट, फनपार्क, वाटर गार्डेन, उद्यान र अरु प्रकारका मनोरञ्जन समेतलाई जनाउँछ ।

(ख) "प्रवेश" भन्नाले मनोरञ्जनको निमित्त दर्शकको रुपमा प्रवेश गर्ने कार्यलाई जनाउँछ।

(२) उपदफा (१) बमोजिमको प्रशासन गाँउपालिका वा नगरपालिकाले गर्नेछ ।

(३) उपदफा (१) बमोजिम संकलित करको चालीस प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिल गर्नुपर्नेछ ।

<u>(५)</u> **<u>बिज्ञापन कर सम्बन्धी व्यवस्थाः</u>** (१) आर्थिक वर्ष २०७७।०७८ मा प्रदेश भित्र राखिने होर्डिङ बोर्ड, साईन बोर्ड, ब्यानर, ट्राईभिजन बोर्ड,

ग्लो बोर्ड, डिजिटल बोर्ड, स्टल, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने, लेख्ने वा विद्युतीय तरंग प्रयोग गरी प्रचार सामाग्रीमा गरिएको विज्ञापनमा विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) अनुसारको विज्ञापन करको दर र कर उठाउने प्रणाली स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको विज्ञापन करको प्रशासन गाँउपालिका वा नगरपालिकाले गर्नेछ।

(४) उपदफा (१) बमोजिम संकलित करको चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिल गर्नुपर्नेछ ।

(६) **दहत्तर बहत्तर शुल्क सम्बन्धी व्यवस्थाः** (१) आर्थिक वर्ष २०७७।०७८ मा प्रदेश भित्र ढुङ्गा, गिट्टी, बलुवा, माटो, खोलाले बगाई ल्याएको काठ, दाउरा लगायतका दहत्तर बहत्तरको संकलनमा अनुसूची-४ बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ । गाउँपालिका वा नगरपालिकाले प्रचलित कानूनमा तोकिएको दरमा नघट्ने गरी विक्री मूल्य तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्कको संकलन सम्बन्धित गाँउपालिका र नगरपालिकाले गर्नेछ।

(३) उपदफा (१) बमोजिम संकलित रकम सम्बन्धित स्थानीय तहले संकलित शुल्कको चालीस प्रतिशत रकम प्रदेश संचित्त कोषमा जम्मा दाखिला गर्नु पर्नेछ ।

माथि जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-४ को सि.नं. ४ मा उल्लेखित शुल्कको प्रशासन प्रदेश सरकारले तोके बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले वा प्रदेश लेखा ईकाई कार्यालयले गर्नेछ । प्रदेश सरकारले निर्धारण गरे बमोजिमको दर अनुसारको शुल्क उठाई प्रदेश र स्थानीय तहमा बाँडफाँड गर्न प्रदेश विभाज्य कोषमा रकम जम्मा गरिनेछ । सो रकमको साठ्ठी प्रतिशत

रकम प्रदेश सञ्चित कोष र चालिस प्रतिशत रकम स्थानीय तहको सञ्चित कोषमा जम्मा गरिनेछ ।

(७) **<u>दण्ड जरिवाना सम्बन्धी व्यवस्था</u>** : (१) कुनै ब्यक्ति, संस्था वा निकायले प्रदेश कानूनको उल्लङ्घन गरेको पाईएमा प्रदेश सरकारले दण्ड तथा जरिवाना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको दण्ड जरिवानाको दर तथा हदम्याद प्रचलित कानून बमोजिम हुनेछ ।

(८) **<u>कोभिड-१९ को संक्रमणबाट प्रभावित कारोबारमा कर छुट सहुलियत सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) प्रदेशभित्र स्थापना भएको सिमेन्ट उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादन विक्रि गर्दा बुझाउनु पर्ने प्राकृतिक स्रोत उपयोग वापतको शुल्क लकडाउन अवधिको कारोवार तथा शुल्कको विवरण बुझाउन नसकेको भए लकडाउन खुलेको महिनाको २५ गते भित्र बुझाएमा प्रचलित कानुन बमोजिम लाग्ने ब्याज र जरिवाना बापतको रकम छुट हुनेछ ।

(२) सवारी कर दाखिल नगरि सवारी दर्ता प्रमाण-पत्रको नविकरण म्याद ५ बर्ष वा सो भन्दा बढी भई नविकरण नगरेका सवारी धनीले आफ्नो सवारी साधन पुनः दर्ता वा दर्ता खारेज गरी लगत कट्टा गर्न चाहेमा २०७७ साल पौस मसान्तभित्र सम्म १ पटकका लागि एकमुष्ठ सवारी कर र नविकरण दस्तुर बुझाएमा प्रचलित कानून बमोजिम लाग्ने जरिवाना छुट दिईनेछ।

(३) उपदफा (२) बमोजिम उल्लिखित समयसिमा भित्र पनि सवारी साधन कर र नविकरण दस्तुर नबुझाई सवारी चलाएको पाइएमा वा लुकाईछिपाई राखेको अवस्थामा उक्त सवारीको बारेमा सूचना दिने र सो कार्यमा खटिने कर्मचारीलाई प्रोत्साहन स्वरुप सुराकी दिनेको अभिलेख राखी निजलाई दाखिल गरेको राजश्व वा सो सवारी लिलामबाट प्राप्त हुने रकमको १० प्रतिशत र कर्मचारीलाई १५ प्रतिशत प्रोत्साहन स्वरुप रकम उपलब्ध गराईनेछ ।

**(९) <u>दर घटाउन, बढाउन वा छुट दिन सकिने सम्बन्धी व्यवस्था</u>:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र अन्य कानून बमोजिम लगाइएका शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो शुल्क र कर आंशिक वा पूर्णरुपमा छुट दिन सक्नेछ। त्यस्तो दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क, महसुल र कर आंशिक वा पूर्णरुपमा छुट दिएको सुविधाको विवरण प्रत्येक वर्ष आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम दिएको पूर्ण वा आंशिक कर छुट सुविधाको कसैले दुरुपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको शुल्क र कर रकम असुल उपर गरी सो रकम बराबर जरिवाना गरिनेछ ।

**(१०) <u>कार्यविधि तथा मापदण्ड बनाउन सक्ने</u>:** (१) यस ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ।

**(११) <u>प्रकृया सरलीकरण वा बाधा अडकाउ फुकूवा गर्न सक्ने व्यवस्था</u>:** (१) प्रचलित कर सम्बन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र ब्यवस्थामा गम्भिर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपदको कारणले उल्लेखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित कानून

यस ऐनको कार्यान्वयमा कुनै वाधा अड्काउ पर्न गएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न प्रक्रिया सरलीकरण गर्न वा कुनै निर्देशन दिन वा परिपत्र जारी गर्न वा कार्यान्वयनमा देखिएको वाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

अनुसूची - १

(दफा २ सँग सम्बन्धित)

## घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर

### क. घर जग्गा तथा अन्य रजिष्ट्रेशन शुल्कः

| सि. नं. | लिखत प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| १. | राजिनामा, सट्टापट्टा र सगोलनामाको लिखत | | | | |
| | (क) राजिनामा, सट्टापट्टा, र सगोलनामाको लिखतको थैली अंकमा | ५% | ४.५ % | ४% | २ % |
| | (ख) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाई को लिखतको थैली अंकमा | ४% | ३ % | २ % | १% |
| | (ग) सामुहिक आवास योजना अन्तर्गत | ५% | ४.५% | ४% | २% |

| सि. नं. | लिखत प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | निर्मित भवन सहितको घरजग्गाको लिखतको थैली अङ्कमा | | | | |
| २. | छोडपत्रः दर्ताफारी (संयुक्त दर्तावाला वीचको) लिखतको थैली अङ्कमा | | | | |
| | (क) तीन पुस्ताभित्रको | २.५% | २% | २% | १% |
| | (ख) तीन पुस्ता बाहिरको | १५% | १३% | १३% | १०% |
| ३. | <u>हालैदेखिको बकसपत्रको लिखत</u><br>हालेदेखिको वकसपत्रको लिखतको थैली अंकमा<br>(क) बाजे, बज्यै, आमा, बाबु, पति, पत्नी, दाजु, भाउजु, भाई, भाईबुहारी, दिदी, बहिनी, छोरा, छोराबुहारी, छोरी, छोरीज्वाईँ, सासु, सासु-ससुरा, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनीबुहारी, काका, काकी, मामा, माइज्यू, भाञ्जा, भाञ्जी, ठूलो -बुवा, ठूली आमा (बावु तर्फका) आमाजु, नन्द, सौता-सौता र एकै दाजु भाईको छोरा, छोरी, फूपू र भदा भदै बीच। | | | | |

| सि. नं. | लिखत प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
| --- | --- | --- | --- | --- | --- |
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | (अ) रु. १ लाखसम्मको थैली अङ्कमा | १.५ % | १% | १% | ०.५% |
| | (आ) रु. १ लाखभन्दा माथि जतिसुकै थैली अङ्कमा | २.५% | २% | २% | १% |
| | (ख) अन्य बकसपत्र र दानपत्रको थैली अङ्कमा | १५% | १५% | १५% | १०% |
| | स्पष्टिकरणः सरकारी विश्व विद्यालय,सरकारी क्यामम्पस । कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकारका कार्यालय, प्रदेश नं. २ सरकारका कार्यालय, स्थानीय तह तथा प्रदेश नं. २ सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा कुनै दस्तुर लाग्ने छैन । | | | | |
| ४. | अंशवण्डा तथा अंश भपाईको लिखत । अंशवण्डा तथा अंश भपाईको लिखतमा | | | | |

| सि. नं. | लिखत प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | (क) रु.३० लाखसम्मको थैली अङ्कमा | ०.३% | ०.२% | ०.२% | ०.२% |
| | (ख) रु.३० लाख भन्दा वढी रु.२ करोडसम्मको थैली अङ्कमा | ०.३% | ०.३% | ०.३% | ०.३% |
| | (ग) रु. २ करोड भन्दा माथिको थैली अङ्कमा | ०.५% | ०.५% | ०.५% | ०.५% |
| ५. | मानो छुट्टिएको र मानो जोडिएको लिखत | | | | |
| | (क) मानो छुट्टिएको प्रति लिखत | रु.१२,०००।- | रु.११,०००।- | रु.१०,०००।- | रु.५,०००।- |
| | (ख) मानो जोडिएको प्रति लिखत | रु.१५,०००।- | रु.१२,०००।- | रु.१०,०००।- | रु.५,०००।- |
| ६. | शेषपछिको वकसपत्रको लिखत: शेषपछिको वकसपत्र/अष्टलोहको प्रतिलिखत | | | | |

| सि. नं. | लिखत प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | (क) तीन पुस्ताभित्रको | रु.७,०००।- | रु.६,०००।- | रु.५,०००।- | रु.२,०००।- |
| | (ख) तीन पुस्ताबाहिरको | रु.१२,०००।- | रु.११,०००।- | रु.१०,०००।- | रु.४,०००।- |
| ७. | बन्धकीको लिखत दृष्टिबन्धकी, भोगबन्धकी, र लखबन्धकीको लिखतको थैली अंकमा | १ % | १ % | १ % | १ % |
| ८. | अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामा लिखतमंजुरीनामा र अख्तियारनामा लिखत | रु.२०००।- | रु.२०००।- | रु.२०००।- | रु.२०००।- |
| ९. | कपाली तमसुक र करारनामाको लिखत दाखिल खारेज नहुने कपाली तमसुक र करारनामाको प्रति लिखत | १ % | १ % | १ % | १ % |
| १० | गुठी स्थापना | रु.१०,०००।- | रु.१०,०००।- | रु.१०,०००।- | रु.५,०००।- |

| सि. नं. | लिखत प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | लिखत (गुठी दर्ता वापत) | | | | |
| ११ | घर वहाल लिखत वापत पहिलो महिनाको बहाल रकमको | ५% | ४.५% | ४% | ३% |
| १२ | फलोपभोग (युजु फ्रुक्टी) | रु.१०००।- | रु.८००।- | रु.७००।- | रु.५००।- |
| १३ | शेषपछिको बकसपत्र संशोधन वा रद्ध गर्दा | | | | |
| | क.शर्त संशोधन | रु.१५००।- | रु.१२००।- | रु.१०००।- | रु.५००।- |
| | ख. वकसपत्र रद्ध | रु.२०००।- | रु.१६००।- | रु.१५००।- | रु.१०००।- |
| १४ | अन्य लिखत | | | | |
| | क. रकम खुलेकोमा | ३ % | २.५% | २% | १% |
| | ख. रकम नखुलेकोमा | रु.७०००।- | रु.६०००।- | रु.५०००।- | रु.३०००।- |
| १५ | सि.नं. ४ को अंशवण्डा तथा अंश भर्पाईको लिखत घर जग्गा भएको कुनै ईलाका वा जिल्लामा पारित गर्न सकिनेछ र सो बाहेकका अन्य सि.नं. १ देखि ८ का घर जग्गा रजिष्ट्रेशन शुल्क लाग्ने लिखतहरु अर्को इलाकामा पारित गर्न सकिने छैन । | | | | |

**ख. <u>सेवा शुल्कः</u>**

| सि. नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| १. | <u>लिखत रजिष्ट्रेशन को लागि डोर माग गर्ने निवेदनमा डोर शुल्क</u> लिखत रजिष्ट्रेशन को लागि डोर माग गर्ने निवेदनमा डोर दस्तुर | रु.१५,०००।- | रु.१०,०००।- | रु.७,०००।- | रु.३०००।- |
| २. | **<u>वित्तीय धितो</u>** नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त बैंक, वित्तीय तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतमा | | | | |
| | (क) रु. १००,०००।- सम्मको लिखतको थैली अङ्कमा | रु.१,२००।- | रु.१,२००।- | रु.१,२००।- | रु.१,२००।- |
| | (ख) रु. | रु.१,८००।- | रु.१,८००।- | रु.१,८००।- | रु.१,८००।- |

| सि. नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | १००,०००।- भन्दा बढी रु. ५,००,०००।- सम्मको थैली अङ्कमा | | | | |
| | (ग) रु. ५,००,०००।- भन्दा बढी रु.१०,००,०००।- सम्मको थैली अङ्कमा | रु.२,८००।- | रु.२,८००।- | रु.२,८००।- | रु.२,८००।- |
| | (घ) रु.१०,००,०००।- भन्दा बढी रु.२०,००,०००।- सम्मको थैली अङ्कमा | रु.३,५००।- | रु.३,५००।- | रु.३,५००।- | रु.३,५००।- |
| | (ङ) रु.२०,०० | रु.५,५००।- | रु.५,५००।- | रु.५,५००।- | रु.५,५००।- |

| सि. नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | ,०००।- भन्दा बढी रु.५०,०० ,०००।- सम्मको थैली अङ्कमा | | | | |
| | (च) रु.५०,०० ,०००।- भन्दा बढी रु. १,००,००, ०००।- सम्मको थैलीअङ्कमा सम्मको थैली अङ्कमा | रु.२२,०००।- | रु.२२०००।- | रु.२२,०००।- | रु.२२,०००।- |
| | (छ) रु १,००,००, ०००।- भन्दा बढी रु.२,००, ००,००० ।- | रु.३३,०००।- | रु.३३,०००।- | रु.३३,०००।- | रु.३३,०००।- |
| | (ज) रु २,००,००, | रु.७०,०००।- | रु.७०,०००।- | रु.७०,०००।- | रु.७०,०००।- |

| सि. नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | ०००।- भन्दा बढी रु.५,००,०0,०००।- सम्मको थैलीमा अङ्कमा | | | | |
| | (झ) रु.५,००,००,०००।- भन्दा वढी जतिसुकै थैली अङ्कमा | रु.१,१५,०००।- | रु.१,१५,०००।- | रु.११,५०००।- | रु.११,५०००।- |
| ३. | <u>लीजः सरकारी जग्गा लिजमा उपलव्ध गराउने</u> सरकारी जग्गा दर्ता तथा लिजमा उपलव्ध गराउने सम्बन्धी कार्यनीति तर्जुमा गरी स्थानीय तह र प्रदेशको आपसी सहमति अनुसारको दस्तुर लाग्नेछ । | | | | |
| ४. | (क) जग्गाधनि दर्ता श्रेस्ताको प्रतिलिपि को लागि (टिकट बाहेक) प्रति पुर्जा | रु.१,५००।- | रु.१,०००।- | रु.१,०००।- | रु.५००।- |
| | (ख) श्रेष्ता उतार | रु.१,५००।- | रु.१,०००।- | रु.१,०००।- | रु.५००।- |

| सि. नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | प्रतिलिपी | | | | |
| | (ग) सक्कल श्रेष्ताको कम्प्यूटिकृत प्रतिको प्रमाणित प्रतिलिपी | रु.१,५००।- | रु.१,०००।- | रु.१,०००।- | रु.५००।- |
| ५. | **दाखिल खारेज शुल्क** (क) करार अनुसार लिखत पारित गर्न ठहऱ्याएको फैसला वा मिलापत्र अनुसारको दाखिल खारेज गर्दा | ५% | ४.५ % | ४ % | २ % |
| | (ख) अन्य मिलापत्र (अंश र अपुताली बाहेक) को | ३% | २.५% | २% | १% |

| सि. नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | दाखिल खारिज गर्दा | | | | |
| | (ग) बैंक वित्तिय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकर गरी बैक तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाउमा दा.खा. गर्दाको थैली अङ्कमा | ५% | ४.५% | ४% | २% |
| | (घ) बैंक वित्तीय | रु.७,०००।- | रु.६,०००।- | रु.५,०००।- | रु.२,०००।- |

| सि. नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | **म.न.पा. क्षेत्रको दस्तुर** | **उ.म.न.पा. क्षेत्रको दस्तुर** | **न.पा. क्षेत्रको दस्तुर** | **गा.पा. क्षेत्रको दस्तुर** |
| | संघ वा सहकारीसंस्थाबाट कर्जाप्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकर नगरी ऋणीकै नामबाट वैक वित्तीय संघ वा सहकारी संस्थाले आफ्नो नाँउमा दाखिल खारेज गर्दा प्रति मिसिल | | | | |
| | (ङ) बैंक, वित्तीय संस्था वां | २.५% | २% | २% | १% |

| सि. नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैंक वा संस्था आफैले सकर गरेपछि सम्बन्धित ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा | | | | |
| | (१) भूमिसुधार तथा मालपोत कार्यालयबाट जग्गा वाडफाड भई दाखिला खारेज | | | | |
| | (क) ५ कट्ठा सम्म | रु.५०००।- | रु.४०००।- | रु.३०००।- | रु.२०००।- |
| | (ख) ५ - १५ कट्ठा | रु.९०००।- | रु.८०००।- | रु.७०००।- | रु.६०००।- |

| सि. नं. | विवरण | **सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा** | | | |
|---|---|---|---|---|---|
| | | **म.न.पा. क्षेत्रको दस्तुर** | **उ.म.न.पा. क्षेत्रको दस्तुर** | **न.पा. क्षेत्रको दस्तुर** | **गा.पा. क्षेत्रको दस्तुर** |
| | सम्म | | | | |
| | (ग) १५ कट्ठा भन्दा माथि | रु.१३,०००।- | रु.१२,०००।- | रु.११,०००।- | रु.१०,०००।- |
| | (२) अदालत वा न्यायिक निकायको फैसलाबमोजिम लिलाम वढावढ गरी दाखिल खारेज गर्दा प्रति मिसिल | रु.५०००।- | रु.३०००।- | रु.१०००।- | रु.५००।- |
| | (च) शेषपछिको वकसपत्र को दाखिल खारेज (अ) तीनपुस्ता | सबै क्षेत्रका लागि अंशबण्डा सरह<br><br>अंशबण्डा भन्दा थप ०.५% शुल्क लाग्ने। | | | |

| सि. नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | | |
|---|---|---|---|---|---|---|
| | | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | भित्रको भए (आ) तीनपुस्ता बाहिरको भए (थैली अंक) मा | | | | | |
| ६. | नामसारी | नामसारी (क) तीन पुस्ता भित्रको नामसारी गर्दा | रु.१,५००।- | रु.१,२००।- | रु.१,०००।- | रु.५००।- |
| | | (ख) तीन पुस्ताभन्दा बाहिरको नामसारी गर्दा | रु.५०००।- | रु.४०००।- | रु.३५००।- | रु.२०००।- |
| ७.. | हाल साविक | पुनः नापजाँच पछिको श्रेस्ता हाल साविक तथा अद्यावधिक गर्दा | रु.१,५००।- | रु.१,०००।- | रु.८००।- | रु.५००।- |

| सि. नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | | |
|---|---|---|---|---|---|---|
| | | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | | प्रति मिसिल | | | | |
| ८. | घर कायम | श्रेस्ता पूर्जामा घर जनाउने प्रति निवेदनमा | रु.४०००।- | रु.३०००।- | रु.२५००।- | रु.१०००।- |
| ९. | संशोधन दस्तुर | मालपोत ऐन २०३४ को दफा ७(३) अनुसार को विवरणमा संशोधन गर्नु पर्दा प्रति मिसिल | रु.४००।- | रु.३००।- | रु.२००।- | रु.२००।- |
| १० | रोक्का दस्तुर | (क) लिखत रजिष्ट्रेशन भएकोमा (थैली अङ्क जतिसुकै भएपनि) नलाग्ने ।<br>(ख) लिखत रजिष्ट्रेशन नभएकोमा देहायबमोजिम लाग्ने । | | | | |
| | | (अ) १ लाख सम्मको | रु.५००।- | रु.४००।- | रु.३००।- | रु.२००।- |

| सि. नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | | |
|---|---|---|---|---|---|---|
| | | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | | ऋण अङ्कमा | | | | |
| | | (आ) १ लाख भन्दावढी ५लाख सम्म | रु.८००।- | रु.७००।- | रु.५००।- | रु.३००।- |
| | | (इ) ५ लाख भन्दाबढी जतिसुकै ऋण अंकमा | रु.१०००।- | रु.८००।- | रु.७००।- | रु.५००।- |
| | | (ई) ऋण अङ्क नखुलेको मा | रु.५०००।- | रु.४०००।- | रु.३०००।- | रु.२०००।- |

**ग. विविधः**

| क.स. | व्यवस्था |
|---|---|
| १. | प्रदेश नम्बर दुईभित्र  पारित हुने लिखतमा सि.नं. १, २ र ३ मा उल्लेख गरिएको रजिष्ट्रेशन लिखतको थैली अंकको शून्य दशमलव पाँच प्रतिशत शुल्क मुख्य मन्त्री स्वच्छता अभियान कार्यक्रमका लागि  प्रदेश सञ्चित कोषमा जम्मा गरिनेछ । |
| २. | अधिकारनामा र शेषपछिको बकसपत्र लिखत बाहेक अन्य सबै प्रकारको लिखतमा थैली अंक अनिवार्य खुलाउनु पर्नेछ । |
| ३. | जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षीपालन, अलैंची खेती, जडिबुटी खेती एवं फलफूल उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचहत्तर प्रतिशत छुट हुनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा भूमी सुधार तथा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ । |
| ४. | सामुहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले व्यक्तिहरू मिली जग्गाको चक्ला बन्दी खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित भएमा सो मा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचहत्तर प्रतिशत छुट हुनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा भूमी सुधार तथा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क  असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ । |
| ५. | सूर्ती, गुड्खा, पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने |

| क्र.स. | व्यवस्था |
|---|---|
| | रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा भूमी सुधार तथा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ । |
| ६. | (क) कृषि ऋण, बीमा संस्थान, बीमा समितिबाट स्वीकृति प्राप्त बीमा कम्पनीहरु, विश्वविद्यालय, नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त बैक तथा वित्तीय संस्थाहरूले आफ्ना बहालवाला कर्मचारीहरूलाई सेवा सर्तबमोजिम दिने ऋण सुविधाको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ । तर सेवा शुल्क बापत थप रु.१०००।- लाग्नेछ । |
| | (ख) कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरूलाई ऋण सुविधा उपलव्ध गराउँदा लिने धितोको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ । तर सेवा शुल्क रु. ५००।- लाग्नेछ । |
| ७. | (क) सहकारी ऐन, २०७४ वमोजिम दर्ता भै संचालनमा रहेका सहकारी संस्थाहरूले आफ्ना शेयर सदस्यहरु विच ऋण लगानी प्रवाह गर्दा बीस लाख रुपैयाँ सम्मको थैली अंकमा रोक्का दस्तुर वाहेक सेवा शुल्क छुट हुनेछ । सो भन्दा माथिको थैली अंकमा खण्ड ख. सेवा शुल्क महलको सि.नं. २ वमोजिमको सेवा शुल्क लाग्ने छ । |
| | (ख) बैंकिङ्ग तथा वित्तीय व्यवसाय र विमा व्यवासाय गर्ने एकै प्रकृतिका निकायहरू एक आपसमा गाभिन चाहेमा गाभिने संस्थाहरूले सो प्रयोजनका लागि घरजग्गाको स्वामित्व |

| क्र.स. | व्यवस्था |
|---|---|
| | एकत्रित गर्दा देहाय बमोजिमको दस्तुर लाग्नेछ ।<br>(अ) सहकारी संस्था भएमा रु.५,०००।-<br>(आ) बचत तथा ऋण सहकारी रु.१०,०००।-<br>(इ) वित्तीय संस्था रु.१५,०००।-<br>(ई) बैंकिङ्ग र विमा कम्पनी रु.२०,०००।- |
| ८. | जनआन्दोलन पहिलो, दोश्रो र मधेश आन्दोलनमा सहादत प्राप्त गरेका शहिदका आश्रित पति, पत्नि, छोरा र छोरी तथा माता-पिताको नाममा स्वामित्व प्राप्त हुने गरी पारीत हुने लिखतमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारको दस्तुर र शुल्क पूर्ण रूपमा छुट हुनेछ । |
| ९. | अपाङ्गता भएका व्यक्ति, दलित एंव पिछडिएका जाती भनी स्थानीय तहवाट प्रमाणित भएको सिफारिस वा अधिकारिक प्रमाणको आधारमा तिनीहरूको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐन वमोजिम असुल गरिने घर जग्गा रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ । |
| १०. | (क) महिला, सत्तरी वर्ष भन्दा बढी उमेरका ज्येष्ठ नागरिक र नावालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ ।<br>तर एकल महिलाको हकमा भने पैतिस प्रतिशत छुट हुनेछ । |
| | (ख) हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति-पत्नी दुवैको संयुक्त स्वामित्वको रुपमा लिखत गर्न चाहेमा सो संगोलनामाको लिखतमा रु.५००।- मात्र रजिष्ट्रेशन शुल्क लाग्नेछ । |
| | (ग) ३०० जना भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने |

| क्र.स. | व्यवस्था |
|---|---|
| | उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरीद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कको लिखतमा ५०% छुट दिइनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा भूमी सुधार तथा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ । |
| ११. | भूमिहिन मूक्त हलिया तथा कमैया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरीद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर पूर्ण रूपमा छुट हुनेछ । |
| १२. | बैंक, वित्तिय एवं सहकारी संघ वा संस्था र अदालतबाट भई आएको मिलापत्र अनुसार दाखिला खारेज गर्नुपर्दा सेवा दस्तुर असुल गर्ने प्रयोजनको लागि मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैंक, वित्तिय एवं सहकारी संघ संस्थाको पत्रमा उल्लेख भएको मूल्य मध्ये जुन बढी हुन्छ सोहीलाई कायम गर्नुपर्नेछ । |
| १३. | रजिष्ट्रेशन वापत भूमी सुधार तथा मालपोत कार्यालय।मालपोत कार्यालयले सम्बन्धित स्थानीय तहमा पठाउने कूल रकमको ७ प्रतिशत रकम सम्बन्धित भूमीसुधार तथा मालपोत कार्यालय र नापी कार्यालयहरूको संस्थागत सुदृढीकरण, भवन निर्माण, मर्मत, श्रेस्ता व्यवस्थापन तथा दैनिक कार्य संचालनमा खर्च गर्ने गरी भूमी सुधार तथा मालपोत कार्यालयहरूमा उपलब्ध गराउनु पर्ने रकम सम्बन्धित कार्यालयले कट्टा गरी राख्नु पर्नेछ।देहाय बमोजिमको रकम कट्टा गरी बाँकी रकम बेटी पढाउ बेटी बचाउ कोषमा दाखिल गर्नुपर्नेछः- |

| क्र.स. | व्यवस्था |
|---|---|
| | (क) भूमिसुधार तथा मालपोत कार्यालय धनुषा र पर्सा रु.१५,००,०००।-<br>(ख) भूमिसुधार तथा मालपोत कार्यालय बारा, रौतहट, सर्लाही, महोत्तरी, सिराहा र सप्तरी रु.१२,००,०००।-<br>(ग) अन्य मालपोत कार्यालय रु.१०,००,०००।- |
| १४. | प्रदेश नम्बर दुई सरकारले चाहेमा धार्मिक तथा सामाजिक हितका निमित्त स्थापित प्रदेश नम्बर दुई मा कार्यक्रम संचालन गर्ने गरि दर्ता भएका संघ संस्था वा निकायले आफ्नो नाममा निःशुल्क रुपमा प्राप्त गर्ने जग्गाको लिखत पारित गर्दा ५० प्रतिशत रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ । |
| १५. | सहकारी ऐनको दफा ५ अन्तर्गत दर्ता भएका सहकारी संस्थाहरूले संस्थाको प्रयोजनको लागि मात्र ३ कठ्ठासम्म जग्गा र भवन खरीद गर्दा भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको सिफारिसमा लाग्ने रजिष्ट्रेशन शुल्क पूर्ण रुपमा छुट हुनेछ, तर ३ कठ्ठा भन्दा बढी जग्गाको हकमा प्रचलित दर अनुसार असुल उपर गरिनेछ।त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन शुल्क छुट सुविधामा खरीद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा वाहेक विक्रि गरेमा पहिले छुट दिएको रजिष्ट्रेशन शुल्क असूल उपर गरिनेछ। |
| १६. | विविधको क्रमसंख्या ८, ९, १० र ११ बमोजिम छुट दिंदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सवैभन्दा बढी कुनै एकमात्र छुट दिइने छ । |
| १७. | एउटै कारोवारबाट १५ लाख रुपैयाँ वा सोभन्दा माथिको घर वा जग्गा खरीद विक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि |

| क्र.स. | व्यवस्था |
|---|---|
| | योग्य (गुड फर पेमेन्ट) भनी छाप लागेको चेकको फोटोकपी पेश गरेपछि वा विक्रेताका नाममा बैंकमा रहेको खातामा रकम जम्मा गरेको बैंक भौचरको फोटोकपी पेश गरेपछि मात्र भूमी सुधार तथा मालपोत कार्यालयले लिखत पारित गर्नेछ । |
| १८. | पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेशन दस्तुर छुट दिईनेछ । |
| १९. | तीनपुस्ता भित्र छोरी वा नातिनीहरूमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा (क) घर जग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क क्रमसंख्या २ मा उल्लिखित छोडपत्रको दररेटको आधा शुल्क लाग्नेछ। |
| २०. | प्रदेश नम्बर दुई सरकार अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा प्रदेश नम्बर दुई सरकारको अर्को कुनै निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नु पर्दा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन । |
| २१. | कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा प्रदेश नम्बर दुई सरकारको कुनै निकायलाइ निःशुल्क रूपमा प्राप्त भएमा वा प्रदेश नम्बर दुई सरकारको कुनै पनि निकायले खरीद गरी लिएमा सोमा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन । |
| २२. | वैदेशिक रोजगारीवाट बैंकिङ्ग प्रणाली मार्फत रेमिटयान्स प्राप्त भएको बैंकको प्रमाणित कागजातको आधारमा त्यस्तो रेमिटयान्सबाट खरीद हुने जग्गाको लिखतमा पच्चीस प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिइनेछ । |

| क.स. | व्यवस्था |
|---|---|
| २३. | भूमी सुधार तथा मालपोत कार्यालयले संकलित रजिष्ट्रेशन शुल्क वापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको ख-६ खातामा जम्मा गरी प्रत्येक महिना समाप्त भएपछि संकलित रकमको ४० प्रतिशत प्रदेश संचित कोषमा र ६० प्रतिशत स्थानीय विभाज्यकोषमा जम्मा गरिनेछ।सेवा शुल्क र रोक्का दस्तुर प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ । |

# अनुसूची – २

## (दफा ३ सँग सम्बन्धित )

## सवारी साधन कर

| **(क) सवारी साधन कर** | |
|---|---|
| १. निजी सवारी।पर्यटक सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः- | |
| **सवारीको किसिम** | |
| **(क) कर, जिप, भ्यान, माइक्रो बस** | **वार्षिक कर दर** |
| (अ) १००० सी.सी सम्म | रु. १९,०००।- |
| (आ) १००१ देखि १५०० सी.सी सम्म | रु. २१,०००।- |
| (इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु. २३,०००।- |
| (ई) २००१ सी.सी. देखि २५०० सी.सी. सम्म | रु. ३२,०००।- |
| (उ) २५०१ सी.सी. देखि २९०० सी.सी. सम्म | रु. ३७,०००।- |
| (ऊ) २९०१ सी.सी. देखि माथि सब | रु. ५३,०००।- |

| | |
|---|---|
| **(ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनीटिपर** | |
| (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु. ३५,०००।- |
| (आ) मिनीटिपर | रु. २५,०००।- |
| **(ग) अटो रिक्सा, थ्री ह्वीलर, टेम्पो, ट्रेक्टर र पावर टिलर** | |
| (अ) अटो रिक्सा, थ्री ह्वीलर र टेम्पो | रु.५,०००।- |
| (आ) ट्रेक्टर | रु.२,५००।- |
| (इ) पावर टिलर | रु.३,०००।- |
| (ई) मिनिट्रक/मिनिबस | रु.२२,०००।- |
| (उ) ट्रक/बस | रु.३०,०००।- |
| **(घ) मोटर साइकल** | |
| (अ) १२५ सी.सी. सम्मको | रु.२,५००।- |
| (आ) १२६ देखि १६० सी.सी. सम्म | रु.४,०००।- |
| (इ) १६१ देखि २५० सि.सि. सम्म | रु.५,०००।- |
| (ई) २५१ देखि ४०० सी.सी. सम्म | रु.८०००।- |
| (उ) ४०१ सी.सी. र सो देखि माथि | रु.१५,०००।- |
| **२. सार्वजनिक सवारीमा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः** | |
| **सवारीको किसिम** | |
| **(क) कर, जीप, भ्यान, माइक्रोबस** | **वार्षिक कर दर** |
| (अ) १३०० सी.सी.सम्म | रु.८,०००।- |
| (आ) १३०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु.९,०००।- |

| | |
|---|---|
| (इ) २००१ सी.सी.देखि २९०० सी.सी.सम्म | रु.११,०००।- |
| (ई) २९०१ सी. सी. देखि ४००० सी.सी. सम्म | रु.१३,०००।- |
| (उ) ४००१ सी.सी. र सो भन्दा माथि सबै | रु.१५,०००।- |
| (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, क्रेन जस्ता मेशिनरी उपकरण | रु.१७,०००।- |
| (ग) अटो रिक्सा, थ्री ह्वीलर टेम्पो | रु.४,०००।- |
| (घ) ट्रेक्टर | रु.२,५००।- |
| (ङ) पावर टिलर | रु.२,०००।- |
| (च) मिनीट्रक, मिनीबस | रु.१२,०००।- |
| (छ) मिनी ट्रिपर | रु.१४,०००।- |
| (ज) ट्रक, बस | रु.१६,०००।- |
| (३) विद्युतीय सवारी साधन दर्तामा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः- | |
| (क) चारचक्का भन्दा माथि | रु.७५००।- |
| (ख) चारचक्का भन्दा कम | रु.५०००।- |
| (ग) मोटरसाइकल | रु.५००।- |

**(ख) सवारी साधनमा लाग्ने दस्तुर**

**१. दर्ता दस्तुर :**

| क्र.स. | सवारीको वर्गीकरण | सवारीको किसिम | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|
| १. | ठूला सवारी | निजी | १५००।- |
| २. | मझौला सवारी | | १०००।- |

| | | | |
|---|---|---|---|
| ३. | साना सवारीः<br>(क) कार,जीप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | | ८००।- |
| | (ख) मोटर साइकल, स्कुटर | | ३००।- |
| ४. | ठूला सवारी | | २५००।- |
| ५. | मझौला सवारी | | १५००।- |
| ६. | साना सवारी<br>(क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | सार्वजनिक | १४००।- |
| | (ख) मोटरसाईकल, स्कुटर | | ५००।- |

**(२) सवारी साधन सरुवा सहमति दस्तुर**

| क.स. | सवारीको वर्गीकरण | सवारीको किसिम | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|
| १. | ठूला सवारी | | ३०००।- |
| २. | मझौला सवारी | | २०००।- |
| ३. | साना सवारीः<br>(क) कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | निजी | १५००।- |
| | (ख) मोटर साइकल, स्कुटर | | ३००।- |
| ४. | ठूला सवारी | सार्वजनिक | ५०००।- |

| | | | |
|---|---|---|---|
| ५. | मझौला सवारी | | ३०००।- |
| ६. | साना सवारी<br>(क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | | २८००।- |
| | (ख) मोटरसाईकल, स्कुटर | | १०००।- |

द्रव्यष्ट : सवारी सरुवा सहमति दस्तुर प्रदेश नं.२ बाट अन्य प्रदेशमा सवारी सरुवा सहमति जाँदा मात्र लाग्नेछ। तर सरकारी तथा सार्वजनिक संस्थानको सवारी साधनको हकमा यो व्यवस्था लागू हुनेछैन ।

(३) **विदेशमा दर्ता भएका सवारी साधन चलाउन अनुमती -पत्र दस्तुर :**

| **क्र.स.** | **सवारीको वर्गिकरण** | **दस्तुर (रुपैयाँ)** |
|---|---|---|
| १. | ठूला सवारी र मझौला सवारी | २०००।- |
| २. | साना सवारी | १०००।- |

(४) **सवारी दर्ता प्रमाण-पत्र (ब्लुबुक) नवीकरण दस्तुर :**

| **क्र.स.** | **सवारीको वर्गीकरण** | **सवारीको किसिम** | **दस्तुर (रुपैयाँमा)** |
|---|---|---|---|
| १. | ठूला सवारी | निजी | ५००।- |
| २. | मझौला सवारी | | ३००।- |
| ३. | साना सवारीः<br>(क) कार,जीप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | | २००।- |
| | (ख) मोटर साइकल, स्कुटर | | १००।- |

| | | | |
|---|---|---|---|
| ४. | ठूला सवारी | सार्वजनिक | ८००।- |
| ५. | मझौला सवारी | | ५००।- |
| ६. | साना सवारी<br>(क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | | ३००।- |
| | (ख) मोटरसाईकल, स्कुटर | | २००।- |

(५) <u>सवारी साधनको नामसारी दस्तुर :</u>

| क्र.स. | सवारीको वर्गीकरण | सवारीको किसिम | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|
| १. | ठूला सवारी | निजी | ८००।- |
| २. | मझौला सवारी | | ६००।- |
| ३. | साना सवारीः<br>(क) कार,जीप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | | ५००।- |
| | (ख) मोटर साइकल, स्कुटर | | २००।- |
| ४. | ठूला सवारी | सार्वजनिक | १५००।- |
| ५. | मझौला सवारी | | १०००।- |

| क.स. | सवारीको वर्गीकरण | सवारीको किसिम | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|
| ६. | साना सवारी<br>(क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | | ८००।- |
| | (ख) मोटरसाईकल, स्कुटर | | ३००।- |
| | स्पष्टिकरणः सरकारी तथा सार्वजनिक संस्थानको सवारीको दस्तुर सार्वजनिक सरह लाग्नेछ। | | |

(६) <u>**सवारी दर्ता प्रमाण-पत्रको प्रतिलिपी दस्तुर :**</u> जुनसुकै प्रकारको सवारी साधनहरुको दर्ता प्रमाण-पत्रको प्रतिलिपी लिँदा रु ५००।- दस्तुर लाग्नेछ ।

(७) **सवारी चालक अनुमति पत्रको दरखास्त दस्तुर :** जुनसुकै प्रकारको सवारी चालक अनुमति पत्र बापत रु ५००।- दरखास्त दस्तुर लाग्नेछ ।

(८) **सवारी चालक अनुमति पत्र ।नविकरण दस्तुर :-**

| क.स. | सवारीको वर्गीकरण | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १. | ठूला सवारी | ३०००।- |
| २. | मझौला सवारी | २५००।- |
| ३. | साना सवारी (मोटरसाइकल स्कुटर | २०००।- |

| | | |
|---|---|---|
| | बाहेकका साना सवारी) | |
| | मोटरसाइकल स्कुटर | १५००।- |

(९) <u>सवारी चालक अनुमति पत्रमा अरु सवारीको वर्ग थप गर्दा लाग्ने दस्तुर :-</u>

| **क.स.** | **सवारीको वर्गीकरण** | **दस्तुर (रुपैयाँमा)** |
|---|---|---|
| १. | ठूला सवारी | १०००।- |
| २. | मझौला सवारी र साना | ५००।- |

<u>**स्पष्टिकरणः**</u>

(अ) एउटै सवारी चालक अनुमती पत्रमा एक भन्दा बढी किसिमका सवारी चलाउने इजाजत पाएका व्यक्तिका हकमा सबैभन्दा बढी दस्तुर लाग्ने सवारीको नविकरण दस्तुर लाग्नेछ।

(आ) नबिकरण पाँच वर्षका लागि कायम रहनेछ ।

(इ) सवारी चालक अनुमतीपत्रको प्रतिलिपी दस्तुर पाँचसय लाग्नेछ ।

(१०) <u>बाटो ईजाजत पत्र दस्तुर (नविकरण समेत)</u>

| **क.स.** | **दुरी (कि.मी)** | **सवारी वर्गीकरण र दस्तुर (रुपैयाँमा)** | |
|---|---|---|---|
| | | **ठुला र मझौला बस।मिन बस आदि** | **ठुला र मझौला ट्रक, मिनीट्रक** |

| | | | आदि |
|---|---|---|---|
| १. | १ देखि ५० कि.मि. सम्म | ५००।- | ६००।- |
| २. | ५१ देखि १०० कि.मि. सम्म | ६००।- | ७००। |
| ३. | १०१ देखि १५० कि.मि. सम्म | ८००।- | ९००।- |
| ४. | १५१ देखि २०० कि.मि. सम्म | ९००।- | ११००।- |
| ५. | २०१ देखि २५० कि.मि. सम्म | १०००।- | १२००।- |
| ६. | २५१ देखि ३०० कि.मि. सम्म | १२००।- | १३००।- |
| ७. | ३०१ देखि ३५० कि.मि. सम्म | १३००।- | १५००।- |
| ८. | ३५१ देखि ४०० कि.मि. सम्म | १४००।- | १६००।- |
| ९. | ४०१ देखि ४५० कि.मि. सम्म | १५००।- | १७००।- |
| १०. | ४५१ देखि ५०० कि.मि. सम्म | १७००।- | १९००।- |
| ११. | ५०१ देखि ५५० कि.मि. सम्म | २१००।- | २०००।- |
| १२. | ५५१ देखि ६०० कि.मि. सम्म | २२००।- | २१००।- |
| १३. | ६०१ देखि ६५० कि.मि. सम्म | २३००।- | २३००।- |

| | | | |
|---|---|---|---|
| १४. | ६५१ देखि ७०० कि.मि. सम्म | २५००।- | २४००।- |
| १५. | ७०१ कि.मि. भन्दा माथि | २८००।- | २६००।- |

**(११) <u>बाटो ईजाजत पत्र दस्तुर (नविकरण समेत)</u>**

(पाँच सिट भन्दा बढी चौध सिटसम्म क्षमता भएका सार्वजनिक सवारीको लागि)

| **क.स.** | **दुरी (कि.मी)** | **दस्तुर (रुपैयाँ मा)** |
|---|---|---|
| १. | १ देखि ५० कि.मि. सम्म | ४००।- |
| २. | ५१ देखि १०० कि.मि. सम्म | ५००।- |
| ३. | १०१ देखि १५० कि.मि. सम्म | ६००।- |
| ४. | १५१ देखि २५० कि.मि. सम्म | ७००।- |
| ५. | २५१ देखि ३०० कि.मि. सम्म | ८००।- |

**(१२) <u>बाटो ईजाजत पत्र दस्तुर (नविकरण समेत) :</u>**

(तोकिएको निश्चित बाटो (रुट) वा क्षेत्रभित्र सञ्चालनार्थ लाग्ने बाटोको लागि)

| **क.स.** | **सवारीको बर्गिकरण** | **दस्तुर (रुपैयाँमा)** |
|---|---|---|
| १. | १४ सिट वा सो भन्दा मुनिका (मिटर वाला बाहेक) हलुका सार्वजनिक सवारी र एक टनसम्म क्षमता भएको ट्र्याक्टर, पावरटिलर) | ५००।- |
| २. | मिटर भएको ट्याक्सी | ५००।- |
| ३. | मिटर भएको टेम्पो | ४००।- |

<u>स्पष्टिकरणः</u>

(अ) पटके बाटो ईजाजत दस्तुर प्रति पचास कि.मि. को लागि दस्तुर रु. १००।-

(आ) नेपालमा कायम भएका बाटोहरुमा सञ्चालन गर्ने ठुला तथा मझौला पर्यटक सवारीहरु, संस्थानका सवारीहरु र सार्वजनिक ट्रकहरुको राष्ट्रव्यापी बाटो ईजाजत (National Permit) दस्तुर रु. १०,०००।-

(इ) तोकिएको बाटो (रुट) मा अधिकर प्राप्त अधिकारीले सार्वजनिक सवारीहरुलाई प्रतिस्पर्धा गराई बाटो इजाजत पत्र प्रदान गरेकोमा माथि उल्लेखित दस्तुरमा नघट्ने गरी दस्तुर निर्धारण गर्न सकिनेछ ।

(ई) बाटो ईजाजत पत्र प्रतिलिपी दस्तुर रु. १००।-

(उ) बाटो इजाजत पत्रको म्याद ६ महिना सम्म बहाल रहनेछ ।

**(१३) <u>जाँचपास दस्तुर :</u>**

| **क्र.स.** | **सवारीको वर्गीकरण** | **दस्तुर (रुपैयाँमा)** |
|---|---|---|
| १ | ठूला सवारी | ५००।- |
| २ | मझौला सवारी | ३००।- |

**स्पष्टिकरणः** शैक्षिक संस्थाको सवारी तथा एम्बुलेन्स समेतको अनिवार्य जाँचपास गर्नुपर्नेछ।

## (१४) प्रदुषण जाँच दस्तुर :

| क.स. | सवारीको वर्गीकरण | सवारीको किसिम | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|
| १ | ठूला सवारी ।मझौला सवारी साधन | निजी | ५००।- |
| २ | साना सवारी (कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर आदि) | | २००।- |
| ३ | ठूला सवारी ।मझौला सवारी साधन | सार्वजनिक | ३००।- |
| ४ | साना सवारी (कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर आदि) | | २००।- |

<u>स्पष्टिकरण:</u> (अ) निजी सवारी साधनको हकमा एक वर्ष र सार्वजनिक सवारी साधनको हकमा ६ महिना बहाल अवधि रहनेछ ।

(आ) शैक्षिक संस्थाको सवारी तथा एम्बुलेन्स समेतको अनिवार्य जाँचपास गर्नुपर्नेछ।

## (१५) सेवाको नाम कम्पनी ।फर्म (ढुवानी र यात्रु सेवा) पञ्जीकृत दस्तुर :

| क.स. | पूँजी | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १ | रु. १५ लाख भन्दा कमको लागि | १०००।- |
| २ | रु. १५ लाख भन्दा बढी रु ५० लाख भन्दा कमको लागि | २५००।- |

| | | |
|---|---|---|
| ३ | रु. ५० लाख भन्दा बढी जतिसुकै भएपनि | ४०००।- |

## (१६) सेवा पञ्जिकृत भएका कम्पनी।फर्ममा समावेश हुने सवारी साधनलाई लाग्ने दस्तुरः

| क्र.स. | सवारीको वर्गीकरण | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १ | ठूला सवारी | १०००।- |
| २ | मझौला सवारी | ८००।- |
| ३ | साना सवारी | ५००।- |

**स्पष्टिकरणः** कम्पनी पञ्जीकरण पश्चात उक्त कम्पनीबाट संचालन हुने प्रत्येक सवारी वापत दस्तुर लाग्नेछ।

## (१७) यातायात सेवा सञ्चालन गर्ने अनुमति पत्रको नविकरण दस्तुर :

| क्र.स. | पूँजी | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १ | रु. १५ लाख भन्दा कमको लागि | १०००।- |
| २ | रु १५ लाख भन्दा बढी रु ५० लाख भन्दा कमको लागि | ३०००।- |
| ३ | रु ५० लाख भन्दा बढी जतिसुकै भएपनि | ५०००।- |

**स्पष्टिकरणः** कम्पनी पञ्जीकरण पश्चात उक्त कम्पनीबाट संचालन हुने प्रत्येक सवारीलाई पञ्जीकृत यातायात कम्पनीबाट सञ्चालन हुने सवारीलाई दर्ता गर्दा लाग्ने दस्तुर सरह नविकरण दस्तुर लाग्नेछ।

## (१८) प्रशिक्षण केन्द्र, करखाना, वर्कशप सञ्चालन अनुमति दस्तुर:

| क्र.स. | पूँजी | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १. | रु. १० लाख भन्दा कमको लागि | ५०००।- |
| २. | रु १० लाख भन्दा बढी रु २५ लाख सम्मको लागि | ८०००।- |
| ३. | रु २५ लाख भन्दा बढी पचास लाख सम्मको लागि | १००००।- |
| ४. | रु. ५० लाख भन्दा माथि जतिसुकै भए पनि | १५०००।- |

**(ग) विविध**

| क्र.स. | व्यवस्था |
|---|---|
| १. | देहायमा उल्लेख भएका सवारी साधनहरूलाई सार्वजनिक दर्ता भएका सवारी साधनमा लाग्ने सरह कर लाग्ने छ :-<br>(क) प्रदेश नं. २ सरकारको नाउँमा दर्ता भएका,<br>(ख) नेपाल सरकारको, नाउँमा दर्ता भएका,<br>(ग) स्थानीय तह र जिल्ला समन्वय समितिको नाउँमा दर्ता भएका ।<br>(घ) सार्वजनिक संस्थानको नाउँमा दर्ता भएका, |
| २. | पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा माथि दफा १ र २ बमोजिम लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ । |
| ३. | सुरु पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ।व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन।तर त्यस्तो सवारी साधन सञ्चालन नभएको हुनु पर्नेछ । |

| क्र.स. | व्यवस्था |
|---|---|
| ४. | सवारी साधन बिग्रेको वा अन्य कुनै कारणबाट सो सवारी साधन चलाउन नपाएको भनी प्रदेश नं. २ सरकारले ठहर्‍याएको कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारी साधनलाई सवारी साधन कर लाग्ने छैन । |
| ५. | प्रदेश नं. २ मा दर्ता भई उत्पादनका मितिले पन्ध्र वर्षभन्दा पुराना सवारी साधनहरूलाई लाग्ने सवारी साधन करमा चौध वर्षभन्दा बढीको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप गरी सवारी साधन कर लाग्नेछ । तर यस्तो थप गरिएको रकम सवारी साधनको लागि तोकिएको कर रकमभन्दा बढी हुने छैन। |
| ६. | शैक्षिक संस्थाले विद्यार्थी ओसार्न प्रयोग गर्ने निजी तथा सार्वजनिक बस, मिनीबस तथा माईक्रोबसका धनीले तिर्नुपर्ने सवारी साधन करमा साठी प्रतिशत छुट पाउनेछन् । |
| ७. | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ठ रुपमा पाँच वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नवीकरण गराउन सक्नेछन् । यसरी अग्रिम रूपमा पाँच बर्षको सवारी साधन कर एकमुष्ट बुझाई नवीकरण गराएमा लाग्ने सवारी साधन करमा दस प्रतिशत छुट हुनेछ । |
| ८. | सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन । |
| ९. | दफा १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन । |
| १०. | बीस लाख रुपैयाँभन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ । |

| क्र.स. | व्यवस्था |
|---|---|
| ११. | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाईएका १५० सी.सी. सम्मका स्कूटरमा सवारी साधन कर लाग्ने छैन । |
| १२. | प्रदेश नं. २ मा हाल सञ्चालनमा रहेका पुराना ट्रकलाई नेपालमा नै बन्द कन्टेनरको रूपमा रूपान्तरण गर्न निवेदन दिने सवारी साधनका धनीलाई निजले बुझाउनु पर्ने सवारी साधन कर वापत पचास हजार रुपैयाँ वा चार वर्षको सवारी साधन कर वापत हुन आउने रकममध्ये जुन घटी हुन्छ सो बराबरको रकम छुट दिइनेछ । तर यस्तो छुट सुविधा दश वर्ष भन्दा पुराना ट्रकहरूलाई दिइने छैन । |
| १३. | सार्वजनिक यातायातका रूपमा सञ्चालन गर्ने गरी दर्ता भएका प्रा.लि. कम्पनीहरूले संचालन गर्ने सार्वजनिक बसहरूले तिर्ने सवारी साधन करमा पच्चीस प्रतिशत छुट दिईनेछ । |
| १४. | ढुवानी कार्य संचालन गर्ने गरी दर्ता भएका प्रा.लि. कम्पनीहरूले सञ्चालन गर्ने १० टन भन्दा माथिका बन्द कन्टेनर र ठूला ट्रकहरूले तिर्ने सवारी साधन करमा पच्चीस प्रतिशत छुट दिईनेछ । |
| १५. | प्रदेश नं.२ सरकारले जफत गरी लिलाम विक्री गरेको सवारी साधनमा सो मितिभन्दा अगाडिको अवधिको यस्तो कर लाग्ने छैन । |
| १६. | प्रचलित कानून बमोजिम संचालन गर्न मिल्ने १० बर्ष भन्दा बढी चलेका लिलाम प्रक्रियाबाट दर्ता हुन आएका लिलामी सवारी साधनलाई न्युनतम लिलाम मुल्यको थप १५ प्रतिशत दर्ता शुल्क लिई मात्र दर्ता गर्नुपर्नेछ । |

## अनुसूची - ३
## (दफा ४ सँग सम्बन्धित)
## मनोरञ्जन कर

| सि.नं. | विवरण | मनोरञ्जन करको दर |
|---|---|---|
| १. | चलचित्र प्रदर्शन गर्दा दर्शकहरुको प्रवेश शुल्कमा | ५% |
| २. | साँस्कृतिक प्रदर्शन, दोहोरी साँझ, डान्सवार, कन्सर्ट, नाटकघर, भिडियोघर, थियटर, पार्क आदिको प्रवेश शुल्कमा | ५% |
| ३. | तीन महिनासम्म जादु सर्कस मेला सञ्चालन गराए वापत प्रतिदिन | रु. १००।- |
| ४. | तीन महिना भन्दा बढी जादु सर्कस मेला वा मनोरञ्जन प्रदायक कार्यक्रम सञ्चालन गराए वापत मासिक | रु. ५०००।- |

## अनुसूची - ४
## (दफा ६ सँग सम्बन्धित)
## दहत्तर बहत्तर शुल्क

| सि.नं. | विवरण | इकाई | दर प्रति |
|---|---|---|---|
| १ | ढुंगा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडा विक्री एवम् घाटगद्दि (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति क्यूव फिट | रु. ३ देखि रु. ४ सम्म |
| २ | माटो विक्री एवम् घाटगद्दि (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति क्यूव फिट | रु. १ देखि रु. २ सम्म |
| ३ | काठ दाउरा बिक्री | बेक्री मुल्य | १० % |
| ४ | खानीजन्य बस्तुहरुको उपयोग गरी सिमेन्ट उत्पादन गरी बिक्रि वितरण गर्ने उद्योगबाट उत्पादित सिमेन्टको विक्रिमा प्रतिवोरा रु.१ का दरले प्राकृतिक स्रोत उपयोग वापत शुल्क लगाइनेछ । | | |

प्रमाणीकरण मितिः- २०७७/०३/३१

**आज्ञाले,**
**वीरेन्द्र कुमार यादव**
**प्रदेश सरकारको सचिव**